## अनुभूतिमा अनुशासन

■ कान्ति न्यौपाने

# नसुध्रिएका नेता

समय सान्दर्भिक विषयमा विषयवस्तुभित्र रहेर बोल्नुभन्दा पनि अरुको आलोचनामा मात्रै नेताहरु समय ब्यतित गरिरहेका छन् । बोल्नुभन्दा अघि विषयवस्तुबारे ज्ञान लिएर लिखित भाषण गर्ने हो भने मात्रै यो क्षेत्र सुधार गर्न सकिन्छ ।

केही समयअघि म एकजना चिरपरिचित नेता प्रमुख अतिथी बनेर आउने कार्यक्रममा पुगेको थिएँ । त्यो एउटा पार्टीगत भन्दा पनि शैक्षिक र प्राज्ञिक कार्यक्रम थियो । त्यहाँ करिब २ सय जति मानिस उनको भाषण सुन्न उपस्थित थिए । भाषण सुन्न भन्दा पनि अझ भनौं त्यो कार्यक्रमसँग सरोकारवाला व्यक्तिहरु नै थिए । कार्यक्रमको समय थियो, दिउँसोको १ बजे । १ बजे भनेपछि कम्तीमा पनि १ बजेर ३० मिनेट जाँदासम्म त आउने मान्छे लगभग आईसकेका हुन्छन्, केही मानिस विभिन्न व्यस्तताले अलि धेरै नै ढिला हुनु फरक पाटो भयो । मलाई पनि आयोजकले विशेष रुपमै निम्तो गरेको हुँदा १ बजेर १५ मिनेटमा म कार्यक्रम हलभित्र छिरे ।

हलमा लगभग १०० जति मानिस जम्मा भइसकेका रहेछन्, बाँकी मान्छेहरु धमाधम आइरहेका थिए । म हलको पछाडिपट्टिको कुर्सीमै बसे । केही चिनेका साथी रहेछन्, सामान्य कुराकानी गरैं । त्यत्ति गर्दा करिब एक बजेर तीस मिनेट गएको थियो ।

> “ नेपालकै कतिपय कार्यक्रममा पनि वक्ताका लागि समय निर्धारण गरिएको पाइन्छ, तर उनीहरु समयको ख्याल नगरी बोलिरहन्छन् अनि अत्यमा 'सरी' समेत नभनी बिदा हुन्छन् । यी र यस्तै प्रवृत्तिका कारण नेपाली राजनीतिमा अराजकता मौलाउँदै गएको छ ।

आउनेजति आइसकेका थिए । कार्यक्रम सञ्चालकहरु पनि सबै तयारी पूरा गरेर ती प्रमुख अतिथीको प्रतीक्षामामा थिए । बेलाबेलामा कार्यक्रम सञ्चालकले अब प्रमुख अतिथी आईपुग्न लाग्नुभयो, धैर्य धारण गर्नुहोला भन्न थालेँ, समय त ती प्रमुख अतिथी नआएको भनेर कहाँ रोकिने वाला थियो र ? घडीको सुइँ घुम्दैँ २ बजेमा पुग्यो । फेरि कार्यक्रम सञ्चालकले भने धैर्य गर्नुस् प्रमुख अतिथी आउनै लाग्नुभयो, अब आउलान् नि त भनेको फेरि छैन । केही समयपछि गीत बज्न थाल्यो, अनि फेरि उही प्रक्रिया दोहोरीदैँ गएर आधाघण्टा बित्यो अर्थात् २ बजेर ३० मिनेट गयो । त्यत्ति गर्दा पनि प्रमुख अतिथी मञ्चमा प्रवेश गरेनन् । अनि फेरि सञ्चालकले भने प्रमुख अतिथी आईपुग्नै लाग्नुभयो, अब ५ मिनेट, होला नि त भनेर मञ्चमा डेढ घण्टादेखि कुरेका व्यक्तिहरु प्रतीक्षा गरिरहेँ तर, त्यस्तो ५ मिनेट धेरै बितेपछि मात्रै प्रमुख अतिथी आईपुग्नुभयो । त्यत्तिबेला करिब ३ बजिसकेको थियो । कोही व्यक्ति त फर्किपनि सकेका थिए होलान्, कोही हाई काढ्दैँ थिए अनि कोही



बाहिर निस्किएर चिया खान थालेका थिए । करिब ३ बजेतिर उनी सुरक्षागार्डको ठूलै लस्कर सहित हलभित्र प्रवेश गरे । आगमन भएपछि अगाडिको रोमा बसेका सबै व्यक्तिहरु उठेर उनीप्रति सम्मान दर्शाए । खैर, मनमा जेसुकै होस् । तर, त्यत्ति हुँदासम्म पनि मानिसहरु धैर्यतापूर्वक बसिरहेका थिए । त्यसपछि कार्यक्रम सञ्चालकले कार्यक्रम सुरु गरे लाम लगाएर वक्त बोल्न लगाए अनि सबैको पालो सकिएपछि उनको पालो आयो उनी उठेर स्टेजमा गए ।

उनले सुरु भने हाँस्यास्पद अभिव्यक्तिबाट गरे, इकछिन हलभरिका मान्छे हाँसे । अनि उनले भाषणलाई जोड्न विभिन्न उक्तिहरु ल्याएर लम्बयाउन थाले, अन्य पार्टीका नेतालाई तथानाम गाली गरे, आफूले मात्रै राम्रा काम गरेको दाबी गरे, कार्यक्रम र विषयभन्दा बाहिरका प्रशंगहरु जोडेर मानिसलाई हाईहाई आउन्जुलेको प्रस्तुति दिए, अनि अन्त्यमा छोटो भनाई यहीँ टुंग्याउँछु भन्दै त्यहाँबाट बिदा भए । उनको प्रस्तुति सुन्दै गर्दा धेरै मानिसलाई हाईहाई आएको थियो, धेरै मान्छे हलबाट बाहिर निस्किएका थिए अनि धेरै मोबाईलमा ब्यस्त थिएँ, उनी बेतुकका भाषण गरेर बाहिरिए । – बाँकी पृष्ठ स मा

मध्यान्ह
Madhyanna National Daily राष्ट्रिय दैनिक
हार्दिक शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ बर्ष पुरा गरी २०औं बर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
धर्मेन्द्र मरबैता
अध्यक्ष तथा
चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड
परिवार

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी २०औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
गाउँवासीहरुमा उनुरोध :-
- हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऔं ।
- वैदेशिक रोजगारीमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऔं ।
- साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
- कुपोषण न्यूनीकरण गर्न 'हरेक बार खाना चार' लाई प्रवर्द्धन गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोरमैला जथाभावी नफालौं ।
- निर्माण सामग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछोडौं ।
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको आवज बुलन्द पारौं र त्यसको अन्त्य गरौ ।
- गाउँपालिकाबाट ईजाजत लिएर घर नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- उपभोक्ता आचारसहिता पालना गरौं ।
ओम बहादुर गुरुङ, अध्यक्ष
दिल बहादुर धले, उपाध्यक्ष
शम्सेर गुरुङ, प्रमुख प्रशासकीय अधिकृत
दोर्दी गाउँपालिका
नौथर, लमजुङ

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी २०औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
नगरवासीहरुमा उनुरोध :
- साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
- कुपोषण न्यूनीकरण गर्न 'हरेक बार खाना चार' लाई प्रवर्द्धन गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोरमैला जथाभावी नफालौं ।
- निर्माण सामग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछोडौं ।
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऔं ।
- लैङ्गिक हिंसा विरुद्धको आवज बुलन्द पारौं र त्यसको अन्त्य गरौ ।
- वैदेशिक रोजगारीमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऔं ।
- नगरपालिकाबाट ईजाजत लिएर घर नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- उपभोक्ता आचारसहिता पालना गरौं ।
- सामाजिक स्वास्थ्य बीमा गराऔं र अवसरको फाइदा उठाऔं ।
गुमान सिंह अर्याल, नगर प्रमुख
लक्ष्मी अधिकारी, उप-प्रमुख
इमनाथ कडेल, प्रमुख प्रशासकीय अधिकृत
बेसीशहर नगरपालिका
बेसीशहर, लमजुङ

हार्दिक बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
नेपाल इन्स्योरेन्स
परिवार
अमिर भवन, प्रथम तल्ला, गणेशथान, काठमाडौं
फोन: ४२२१३५३, ४२२८६९०, ४२४५५६५/६८

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी २०औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
नगरवासीहरुमा उनुरोध :
- साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
- कुपोषण न्यूनीकरण गर्न 'हरेक बार खाना चार' लाई प्रवर्द्धन गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोरमैला जथाभावी नफालौं ।
- निर्माण सामग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछोडौं ।
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऔं ।
- लैङ्गिक हिंसा विरुद्धको आवज बुलन्द पारौं र त्यसको अन्त्य गरौ ।
- वैदेशिक रोजगारीमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऔं ।
- नगरपालिकाबाट ईजाजत लिएर घर नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- उपभोक्ता आचारसहिता पालना गरौं ।
- सामाजिक स्वास्थ्य बीमा गराऔं र अवसरको फाइदा उठाऔं ।
वैकुण्ठ न्यौपाने, नगर प्रमुख
मिरा जोशी, उप-प्रमुख
डिल्लिराम सिग्देल, प्रमुख प्रशासकीय अधिकृत
व्यास नगरपालिका
दमौली, तनहुँ

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चोलाकान्त पंगेनी
सभापति, तथा
नेपाली कांग्रेस जनसम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४

## अर्थतन्त्रको अवलोकन



■ तुलबहादुर मगर

# संकटतर्फ अर्थतन्त्र

नेपाल राष्ट्र बैंककाअनुसार आव ०७८/७९ मा मुलुकमा भएको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७ दशमलव ५ महिनाको वस्तु आयात र ६ दशमलव ८ महिनाको वस्तु तथा सेवा आयातको लागि पर्याप्त रहने देखिएको छ ।

❝ चालु आवको दोस्रो त्रैमासिक अवधिसम्म आइपुग्दा १३ वटा बैंक सिडी रेसियोको कारण कर्जा लगानी गर्न नसक्ने अवस्थामा आइपुगेका हुन् । १४ वटा वाणिज्य बैंकहरुको सीडी रेसियो भने नेपाल राष्ट्र बैंकले तोकेको ९० प्रतिशत भन्दा कम रहेको देखिएको छ । बैंकिङ क्षेत्रको यो विषय समग्र अर्थप्रणालीको लागि गम्भिर संकटको संकेत हो ।

कोरोना महामारीले मुलुकको अर्थतन्त्रको समग्र पाटोमा ठुलो प्रभाव पारेको छ । छिमेकी मुलुक चीनमा ०१९ डिसेम्बरमा देखिएको कोरोना महामारी नेपालमा ०७६ चैत्रमा देखिएको थियो । कोरोना महामारीले विश्वको उत्पादन र वितरण प्राणालीमा असर गर्दा आयातमुखी बजारमा टिकेको नेपालमा पनि त्यसको असर नराम्रोसँग पर्न पुग्यो । पहिलो र दोस्रो लहरपछि अहिले कोरोना महामारीको तेस्रो लहर फैलिरहेको छ । महामारीको विगतका लहरले नेपालको पर्यटन, होटल, रेष्टुरेन्ट, यातायात, उद्योग, निर्माण, सिनेमा, आदि लगायत धेरै क्षेत्रमा नकरात्मक असर गऱ्यो । अहिले चलिरहेको ओमिक्रोन महामारीले फेरि पर्यटन, सिनेमा, शिक्षा, रात्रिकालिन व्यवसाय क्षेत्रलाई पुर्ण रुपमा असर गरेको छ भने अन्य क्षेत्रमा पनि नकरात्मक असर परेको छ ।

राज्यले बढी भिडभाड हुने क्षेत्रका व्यवसाय र कार्यक्रमलाई सञ्चालनमा प्रतिबन्ध लगाएको छ । महामारीको विभिन्न लहरले आर्थिक क्षेत्रका नियमित गतिविधिलाई असर गरेपछि लाखौं मानिसको रोजगारी र नियमित आम्दानीको प्रकृयामा पनि अवरोध सिर्जना भएको छ । मुलुकले आयातमार्फत खपतलाई सम्बोधन गर्ने प्रवृत्ति ग्रहण गरेका कारण पछिल्लो छ महिनामा व्यापार सन्तुलन, सोधान्तर, वैदेशिक मुद्राको सञ्चितिमा ह्रास, रेमिट्यान्सको आप्रवाहमा कटौती, आदि जस्ता अर्थतन्त्रका मुल सुचकहरु नकरात्मक देखिएका छन् । अर्थतन्त्रलाई प्रसार र नियन्त्रणको केन्द्रीय भूमिका निर्वाह गर्ने राज्यका निकायहरुले समयमा नै उचित नीति तथा कार्यक्रमको निर्माण गरी कार्यान्वयन गर्न नसक्दा समस्याहरु समाधान हुने भन्दा पनि थप वृद्धि तर्फ बढेको अनुमान गर्न सकिन्छ ।



### ■ बैंकिङ तरलता अभाव चुलिदो तर्फ

बैंकिङ तरलता अभाव नियमित रुपमा चुलिदो दिशातर्फ बढेको छ । तर हालसम्मको अवस्थामा सबै क्षेत्रबाट चिन्ता जाएर गरेतापनि समाधान हुन सकेको छैन् । बैंकिङ तरलताको प्रत्यक्ष प्रभाव निक्षेप र कर्जा प्रवाहमा देखिएको छ । गभर्नर अधिकारीका अनुसार बैंकबाट लगानी भएको ऋणको ५० प्रतिशत खर्च विदेशबाट वस्तुको आयातमा हुने गरेको छ, भने अपेक्षित रुपमा राज्यको पुंजीगत खर्च हुन सकेन । जसका कारणले बैंकमा तरलतामा समस्या देखिएको हो । अहिले कर्जा र निक्षेपबीच झण्डै ३ खर्बको अन्तर रहेको अवस्था छ । तर बैंकिङ क्षेत्रमा आएको तरलताको समस्या अहिले तत्काल सिर्जना

– बाँकी पृष्ठ स मा




## ओझेलमा अपेक्षा



■ सुरेश भट्ट 'आश्रित'

# भविष्य नदेख्ने राजनीति

शासन प्रणाली र व्यवस्था परिवर्तनमा नेतृत्वदायी भूमिका खेलेका पार्टीहरु काँग्रेस, एमाले र माओवादीले फरक-फरक कालखण्डमा भूमिका निभाएकै कारण ब्याज खान खोजिरहे, प्रोग्रेसिभ हुन सकेनन् ।

नेपाल लामो राजनीतिक संघर्ष र संक्रमणकालबाट गुज्रियो । जननिर्वाचित संविधानसभाबाट संविधानको मस्यौदा तयार भएर २०७२ मा त्यसको घोषणाले राजनीतिक अनिश्चितताको युगको अन्त्य भएको संकेत आमनेपाली नागरिकले गरेका थिए । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले अब जनताको समृद्धि, समानता, न्याय, मर्यादा र स्वतन्त्रताको आकांक्षालाई सम्बोधन गर्ने सबैभन्दा उपयुक्त राजनीतिक मार्गका रूपमा अपनायो ।

देशले अस्थिरताको बाटोबाट विश्राम लिएर स्थिरताको बाटोमा गएको सुखानुभूति गर्न नपाउँदै राजनीतिक दलहरूको स्वार्थ परायणका कारण पुनः देशको संविधान र संविधानले अङ्गिकार गरेको व्यवस्था उपर स्वार्थका गिर्दाहरूमा कुपिण्डाहरू झुन्डिन थाले । राजनीतिक कोर्स बदल्न नेताहरू नेताका घर-घरमा दौडधुप गर्ने थाले ।

विडम्बना देशको संविधानले दिएको दायित्व पूरा गर्नुपर्ने आफ्नो जिम्मेवारीबाट च्यूत भएर सत्ता, शक्ति अर्जनका निमित्त नागरिकको आन्दोलन र बलिदानबाट निर्मित देशको संविधानले दिएको गृहकार्य वे-वास्ता गर्दै राजनीतिक दुश्चक्र चलाउन अभ्यासरत रहे ।

देशका नागरिकले स्वर्णीम सपनाहरू पुलकित हुने अभिलाषामा शासन प्रणाली परिवर्तनका लागि पटक पटक लडे । शासन प्रणाली र व्यवस्था परिवर्तनमा नेतृत्वदायी भूमिका खेलेका पार्टीहरू काँग्रेस, एमाले र माओवादीले फरक-फरक कालखण्डमा भूमिका निभाएकै कारण ब्याज खान खोजिरहे, प्रोग्रेसिभ हुन सकेनन् । असलमा भन्ने हो भने राजनीति गर्न जानेनन् जति गरे आफूहरू सत्ताको रश्वस्वादन लिन गरे ।

> राजनीतिक-आर्थिक बृद्धि विकासमा भन्दा पनि नागरिकको स्वस्थ जीवन र देशको खोला-नाला, वनजंगल, प्रकृति, पर्यावरणलाई जोगाउन देशभित्रका उद्योग कलकारखानाहरूलाई अन्यन्त्र देशहरुमा सारिसकेको देखिन्छ ।

नेपाली राजनीति वर्तमान अवस्थालाई परिवर्तन गरी भविष्यमुखी हुन सकेन भने त्यो के राजनीति ? भविष्यमुखी राजनीति भनेकै नेपाल र नेपालीको भविष्य कस्तो हुने भन्ने कुरामा जोडिएको हुन्छ । तर, हाम्रो राजनीति कसरी आफ्नाहरूको भरण-पोषण गर्न सकिन्छ । ठेक्कापट्टा टेन्डर निकट कार्यकर्तालाई कसरी दिन सकिन्छ । चुनाव कसरी जित्न सकिन्छ, अर्कोलाई खुट्टा तानेर लडाएर आफू कसरी पदमा पुग्न सकिन्छ आदि । गोलचक्करमा घुमिरहेको पाइन्छ । यसो भन्दै गर्दा त्यसभित्र परिवर्तनका लागि राजनीति गर्नेहरू पनि छन् भने त्यसको आशा पनि रहला । तर, अहिलेको अवस्थामा, अहिलेको राजनीतिक माहौल देख्दा त नेपालको विविधता, समानुभूती र सुशासनको बाटो समात्न गाह्रो हुने देखिन्छ । काँग्रेस विरासतमै बस्ने, माओवादी माओ'को फोटोमा फूल माला अर्पण गर्दै बस्ने र एमाले "जबज"को नारा पार्टीको ब्यानरमा झुण्ड्यान बाहेक भविष्यमुखी हुन सक्ला जस्तो देखिँदैन । भविष्यमुखी कार्यक्रम र योजनाहरूमा काम गर्ला, ल्याउला र डेलिभरीको राजनीति गर्छ जस्तो देखिँदैन ।



### ■ भविष्यमुखी राजनीति !

राजनीति राज्यको नीति हो । राज्य, गर्ने साधन हो। राज्यको आकार, संरचना र भविष्य राजनीतिले नै तय गर्छ । राजनीति सप्रियो भने त्यसले मुलुकलाई स्थिरता, विकास र शान्ति दिन्छ । तर त्यही राजनीति बिग्रँदा मुलुकले आजको दिन भोगिरहेको छ । विश्वको शक्तिमान राष्ट्र अमेरिका र हाम्रो देश नेपालको विकास सुरुआत सुगौली सन्धि काल सँगसँगै भएको देखिन्छ । तर, आज हामी कहाँ छौँ र अमेरिका कहाँ छ ? गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । त्यसो भन्दै गर्दा नेपाललाई अमेरिका बनाऔँ भन्न खोजिएको होइन । नेपाललाई नेपालकै प्राकृतिक सौन्दर्य र बनावटसँग जोडेर देशको विकास र नागरिकको भविष्य खोजिनुपर्छ ।

आजको राजनीतिबाट अबको बीस बर्ष पछिको नेपाल र नेपालीको भविष्यको मार्गमा हिँड्ने ठोस् कार्य योजना प्रतिबद्धता सहित आउनुपर्छ । दिगो विकास र देशलाई समृद्ध राष्ट्र बनाउन अहिलेको ३.५% आर्थिक वृद्धिदरलाई कम्तीमा दश वर्षसम्म १० देखी १५% आर्थिक वृद्धिदरमा लैजानुपर्छ । देशभित्र दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखाना नभई देश विकासका लागि चाहिने दक्ष जनशक्ति उत्पादन गर्ने निकाय बनाइनु पर्छ । शिक्षा ब्यबाहारीक र रोजगारमूलक हुन जरुरी छ ।

हामीले आजको विश्वलाई हेर्‍यौं भने उनीहरूको राजनीतिक-आर्थिक बृद्धि विकासमा भन्दा पनि नागरिकको स्वस्थ जीवन र देशको खोला-नाला, वनजंगल, प्रकृति, पर्यावरणलाई जोगाउन देशभित्रका उद्योग कलकारखानाहरूलाई अन्यन्त्र देशहरूमा सारिसकेको देखिन्छ । आगामी दिनमा नेपालमा विदेशी लगानीको ठुला उद्योग धन्धाको प्रस्ताव आउन सक्छ ? यो किन गरिरहेका छन् नेपालको राजनीतिले यसको भाष्य बुझ्न जरुरी छ ।

हामी आफै आत्मनिर्भर बन्न सक्छौं - हाम्रो राजनीतिले जति नै दोहन गरेतापनि नेपालसँग आजसम्म प्रकृतिले दिएको सुन्दर हराभरा प्राकृतिक भूमि छ । भोलिको विश्व नेपाललाई हेर्न लालायित हुने अथाह सम्भावना बोकेका ८ हजार फिट अग्ला पाँच सय पर्वतमालाहरू छन् विश्वका नागरिक शुद्ध श्वास-प्रश्वास लिन हामी कहाँ आउने निजगढ जङ्गल जस्ता हजारौं घना जङ्गल र त्यस जङ्गलमा सयर गर्ने विश्वकै दुर्लभ गैंडा, हात्ती, चराचुरुङ्गी र जडीबुटी छन् ।

विश्वभर वन्यजन्तु पर्यटनबाट दुई करोड २० लाख रोजगारी सिर्जना भएको तथ्याङ्क छ भने विश्वको कुल गार्हस्थ्य उत्पादनमा १२० बिलियन डलर बराबरको योगदान पुगेको छ । यसको २०% हिस्सा मात्र पनि नेपालले ओगट्न सक्ने हो भने बाध्यताको जञ्जीरले बाँधिएर सस्तो श्रम सम्झौतामा बिदेसिएका नेपालीहरूले स्वदेशमा रोजगार प्राप्त गर्ने थिए । तर, नेपालमा वन्यजन्तु पर्यटनको प्रचुर सम्भावना भएको भए पनि नेपालको राजनीतिले यो भविष्य नदेख्नु, देखेर पनि अनदेखा गर्नू दु:खद हो ।

बाग्मती नदी सरसफाई महाअभियानमा सहभागी बनौं

- हाम्रो बाग्मती हाम्रो सभ्यता
- कायम राखौ यसको पर्यावरणीय स्वच्छता
- जोगाई राख्न सके यसको पवित्रता
- बढ्ने छ आत्मसम्मान आत्मियता
- सदा बचाई राख्न यसको सौन्दर्यता
- सबै मिली गरौं प्रयास र प्रतिबद्धता
- नदी क्षेत्रमा हुने अव्यवसथत ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं ।
- बाग्मती नदी र यसका सहायक नदीनालाहरुलाई स्वच्छ र सफा राखौ ।
- नदी किनाराको जग्गाहरुको संरक्षण गरौ ।
- नदी किनारामा वृक्षारोपण गरी नदीको सौन्दर्य बढाऔं ।
- नदी किनाराको दायाँ बायाँ निर्धारित मापदण्ड भित्र नयाँ संरचना नबनाऔं ।
- बाग्मती सभ्यताको विकास र सम्वर्द्धन गरौं ।
- बाग्मती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनौ ।

प्रत्येक शनिबार विहान ७ :०० बजे हुने बाग्मती नदी सरसफाई महाअभियानमा सहभागी बनौ

नेपाल सरकार
शहरी विकास मन्त्रालय
अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरीफाँट, काठमाडौं , सम्पर्क नं. १४११४४१३

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक
हार्दिक शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ बर्ष पुरा गरी २०औं बर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
शुभ मुकारुङ
अध्यक्ष तथा
गीतकार सङ्घ नेपाल
Lyricists' Association of Nepal
परिवार

पञ्चकन्या ग्रुप
आवासको एक मात्र विकल्प




Panchakanya STEEL
Panchakanya WIRES
Panchakanya HDPE
Panchakanya PVC
Panchakanya PP-R
Panchakanya CPVC
Panchakanya FLAME PRO
Panchakanya RMC
Panchakanya SS
Panchakanya SS STRUCTURAL STEEL
Panchakanya PROFILE
EXPLORE INTERNATIONAL
EXPLORE EARTH MOVERS
Nepal Cylinders
पञ्चकन्या भवन, कृष्णागल्ली, ललितपुर • टोल फ्री नं. १६६०-०१-७०००७ • www.panchakanya.com

NSBL Recurring Deposit
सानो लगानी
उज्वल भविष्यको लागि
विशेषताहरू :
- हरेक महिना निश्चित रकम जम्मा गर्न सकिने
- म्याद पुरा भएपछि एकमुष्ट रकम झिक्न मिल्ने
- हरेक तीन महिनामा ब्याज साँवामा गाभिने




विस्तृत जानकारीका लागि बैंकको वेबसाईट nsbl.statebank वा नजिकैको शाखा कार्यालय वा १६६००१२००१२, ०१-५९७०३३३ मा सम्पर्क राख्नुहोला ।
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक
हार्दिक शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ बर्ष पुरा गरी २०औं बर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक शुभकामना ब्यक्त गर्दछौं ।
जयराम थापा
प्रधानाध्यापक
हर्क रम्तेल
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति
श्री ज्योति माध्यमिक विद्यालय
हेटौंडा-१८, हर्नामाडी, मकवानपुर

यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह

# हार्दिक शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी

२० औं वर्षमा



प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Raj Media & Marketing
Maitidevi Shastrimarga Kathmandu
Ghar No. 64 Ground Floor
Phone: 4529906 | E-mail: raj.adv2@gmail.com
A complete solution of media and marketing ...

max media
your in-house media partner
+977 1 526 03 77 / 526 03 78 +977 1 526 05 79
Maxmedia Pvt. Ltd., Maxmedia Villa, Chakupat Road
[Behind Patan Multiple Campus] G.P.O Box: 750
info@maxmedia.com.np www.maxmedia.com.np

S.P Media Pvt. Ltd.
Bagbazar, Kathmandu
Ph : 01-4242296, Fax : 4266655
E-mail : spmedia 2005 @gmail.com
vijaya_pokhrel@yahoo.com
Website : www.spmedia.com.np
AAN
Electronic Broadcasting Print Both Govt. Private Medias.
Authorized Agency for Advertisement

AdFocus Multiple Business Pvt. Ltd.
Asmit Shrestha Managing Director
Smriti Shrestha Executive Manager
Anamnagar-29, Kathmandu
Advertising • Printing • Supplies

स्वर्गद्वारी मिडिया प्रा.लि.
Estd. 2071
अनामनगर, २९ काठमाडौं ।
फोन : ०१-५७०५३४६
इमेल : sworgadwarimedia@gmail.com

ENZO
Putalisadak, Kathmandu
(opp. to Nepal Share Market)
+977-1-4419938
SERVICES
PAPER ADVERTISEMENT, ALL KINDS OF PRINTING JOB, DESIGNING, EVENT MANAGEMENT
Email: enzomediaservice143@gmail.com

Newspaper Ad Design & Print, Radio Jingle Compose and Release, TVC Ad Production and Broadcast
Ram Bajracharya Managing Director
Creative Media Print
Advertise Design Print
Putalisadak, Kathmandu, Nepal
Call: 9851156711
Email: creativemedia2071@gmail.com

Suman Poudel
Managing Director
Cell : +977- 9851093029
+977- 9803151914
GANDAKI MEDIA Pvt. Ltd.
गण्डकी मिडिया प्रा. लि.
Anamnagar-29, Kathmandu
E-mail: gandakiad@gmail.com
poudelsuman01@gmail.com

BUSINESS ADVANTAGE PRIVATE LIMITED
Tanka Prasad Marg
Old Baneshwor Height, Kathmandu
Telephone: +977 01 44 78 817
www.advantage.com.np

ADBOX Private Limited
...your advertiser
P.O. Box 20839, Lazimpat, Kathmandu
Tel: 4444066, 4411586 Fax: 4415836
E-mail: adboxpvtltd@gmail.com

Sandesh Ghimire
Managing Director
9801117493
Voice of Development Media Pvt. Ltd.
भ्वाइस अफ डेभलपमेन्ट मिडिया प्रा.लि
Kathmandu-34, New Baneshwor
Branch: Masbar Pokhara
+977-01-4115750, 9801085464
voice.vod@gmail.com, office.vodmpl@gmail.com
Remember for all kind of audio video Production & Advertising Service

जोईन मिडिया हाउस प्रा.लि.
Join Media House P. Ltd.
Anamnagar, Kathmandu, Nepal
Tel: 01-4261030, Mob: 9851133942, 9851069943
Email: joinmediahouse@gmail.com

तिलक पौडेल
प्रबन्ध निर्देशक
९८४८०७५४२७
rkshpaudel@gmail.com
बिरेन्द्रनगर, सुर्खेत
कर्णाली मिडिया सेन्टर नेपाल प्रा.लि.

गंगा खड्का प्रबन्ध निर्देशक
केशरराज क्षेत्री अध्यक्ष
ग्रीक मिडिया प्रा.लि.
९८५७०७८६१० greekmedia75@gmail.com बुटवल, रुपन्देही

FUTURE HUB MEDIA
फ्यूचर हब मिडिया मल्टिप्रपोज प्रा. लि.
Future Hub Media Multipurpose Pvt. Ltd.
Head Office: Anamanagar-32, Kathmandu Tel: 01-4102679, 80, 4102855
Branch Office: Nayabazar-9, Pokhara, Kaski Tel: 061-538584
Email: futurehub2@gmail.com

Pankaj Shah
Chairman
Cell : 9851156178
9803388840
JP Media Solution Pvt. Ltd.
One More Step
New Baneshwor, Kathmandu
Phone/Fax : 4115021
E-mail:jp.mediasolution@gmail.com
Advertisement on all Media Houses
IT Solution All Kinds of Printing Works

विज्ञापन प्रकाशन तथा प्रशारणका लागि सधैं सम्झनुहोस् ।
Regd. No. 15404/057/58 Vat Regd. No. 500205530
ENIGMA Advertising & Marketing (P) Ltd.
New Baneshwor, Kathmandu, Nepal. Tel.: 4780935, 4782177
Cell: 9851023518

Manaslu ADVERTISING & MEDIA PVT. LTD.
Newplaza, Kathmandu, Nepal
Phone No : 01-4436965, Fax: 01-4436965
Email : manasluad@gmail.com

सागर खड्का
अध्यक्ष
SM सनराइज सिन्धु मिडिया प्रा.लि.
मेलम्ची, सिन्धुपाल्चोक, नेपाल
९८४३७५९०७१, ९८१३३८९०८०
sindhumedia.np@gmail.com

aagan media
Aagan Media Pvt. Ltd.
Kalanki, Kathmandu
Tel.: 01-5218383, 9851124986, 9843016509
Gmail: aaganmedia@gmail.com

City Express Media Pvt. Ltd.
सिटी एक्सप्रेस मिडिया प्रा.लि.
www.cnnnepal.com, www.esahakari.com
Amrit Kumar Panthee
Managing Director
Cell: 9851046267, 9841302442
Kalanki-14, Kathmandu
Tel No. +977-1-5234623
www.cityemedia.com.np, Email: cityemedia@gmail.com

RIVER ADVERTISING
ADVERTISING BRANDING PRINTING

aastha advertising
विज्ञापन : पत्र-पत्रिका, टेलिभिजन, रेडियो, फिल्म हल
फेसबुक, इन्टाग्राम, वेभसाइट, Youtube
ब्राण्डिङ : लाइट बोर्ड, होर्डिङ बोर्ड, 2D, 3D बोर्ड
डिजाईन : लोगो, लेटरप्याड, वेभसाइट, ब्रोसर, बुक कभर
Tel. 01-4476397, Web. www.aasthaad.com.np

Graphic Designing Advertising
Printing Branding
Santosh Paudyal
Managing Director
Namaste Creation & Advertising Pvt. Ltd.
Anamnagar | Kathmandu
9851153579
+977-1-4239741
ncamedia1@gmail.com

## बेथितिको बयान



● श्यामनारायण मानन्धर

# ‘अ’उपसर्गको पगरी गुथेको बैदेशिक रोजगार

वैदेशिक रोजगारमा लागु फ्रि भिषा र फ्रि हवाई टिकट अर्थातु शून्य लागतमा वैदेशिक रोजगारले राज्यले पाउनु करको दायरा खुम्चिएको छ नै, आन्तरिक अवैध धन्दाले पनि प्रशय पाएको देखिन्छ ।

नेपाली शब्दकोषले उपसर्ग भनेको भाषाको त्यस्तो ईकाई हो, जुन नाम वा क्रिया शब्दको (आधार शब्द) अगाडि जोडिएर त्यसमा कुनै अर्थको बिशेषता ल्याउँदछ त्यस्तो मिश्रित शब्द जसले साविकको भावलाई फरक रुपले वा अर्थले चिनाउने गर्दछ भनेको छ । नेपाली शब्दहरुमा त्यस्ता उपसर्गहरुले बिशेष अर्थ राख्दछ ।

अर्थात् मूल शब्दमा उपसर्ग थपिए शब्द बन्छ वा नयाँ शब्द निर्माण हुन्छ । बिज्ञान प्रयोगशालामा कुनै दुई वा सो भन्दा बढि पदार्थको समिश्रणबाट नयाँ पदार्थ बन्ने गर्दछ भन्ने मान्यता राख्दछ । भाषागत शब्द मिश्रणले साबिकको अर्थमा फरक भाव, मूल्य र मान्यतालाई स्थापित गरेको पाईन्छ ।  नेपाली ब्याकरणमा होस् वा बोल्ने र लेख्ने शैलीमा होस केही यस्ता बिशेष उपसर्गहरु हुन्छन् जसले शाब्दिक भावलाई अधिकांश नकारात्मक रुपले चित्रित गर्ने गर्दछ । उपसर्गले विपरितार्थ, समानार्थ वा त्यो भन्दा बाहेकको अर्थ (फरक अर्थ) पनि लाग्ने गर्दछ ।

जस्तैः मुलशब्द पुत्र छ, मा कु उपसर्ग थपिए कुपुत्र हुन्छ । त्यस्तैः नाम शब्दमा बे उपसर्ग थपिए बेनाम हुन्छ । उसै गरी राम्रो शब्दमा अति उपसर्ग जोड्दा अतिराम्रो भन्ने भाव प्रकट गर्दछ ।

“अ” त्यस्तो प्रकारको उपसर्ग हो जसले प्रधान शब्दलाई प्रायः नराम्रो भावले अर्थ्याउने गर्दछ । जस्तै : सफल शब्दमा अ उपसर्ग लगाउँदा असफल नयाँ शब्द निर्माण भयो । राजनिती आफैंमा राम्रो शब्दहो त्यसमा अ उपसर्ग थपिँदा अराजनिती भन्ने हुन्छ ।

हाम्रो देश नेपालको सन्दर्भमा २०४६सालको राजनैतिक आन्दोलनले ल्याएको तत्कालिन पञ्चायति राज्य सत्ता परिवर्तन पश्चात जनताले अपेक्षा गरेको हरेक क्षेत्र र पक्षमा हुनु पर्ने देखिनु पर्ने सुधार २ दशक भन्दा बढीको अन्तरालमा अपेक्षित सुधार छैन । देशका सबै मुख्य राजनैतिक दलहरुका शिर्ष पात्रहरुले शासन सत्ताको बागडोर सम्हाली सकेको अवस्था छ । ति सबै पात्रहरुले जन संघर्ष वा जनआन्दोलनका नाममा ल्याएको प्रजातन्त्र पेवा तन्त्रकारुपमा स्थापित गरेका छन् ।

राज्यका हरेक संवैधानिक अंगहरु “अ” उपसर्गका प्रतिनिधि उधाहरण बनेका छन । ब्यवस्थापिका, कार्यपालिका र न्यायपालिका जसमा आम नेपाली जनताका आशा र भरोसा थियो आजका दिनमा ति सबै असफल छन । आज कुनै एक नेपालीले आफ्नै देशको सिमाना भित्र गर्वले म नेपाली हुँ भन्न सक्ने अवस्था छैन । हरेक तह-तप्का र क्षेत्रमा राजनैतिक



हस्तक्षेप र कुसंस्कारले बिश्व गरिबीको सुचाङकमा नेपाललाई अग्रस्थानमा राखेको छ । संविधानको मूल कानुन देखि राज्यका हरेक नियम-कानुनहरु तिनै राजनैतिक पात्रहरुका पृष्ठपोषक वा बैशाखी बन्न बाध्य छन् ।

वैदेशिक रोजगार ऐन २०६४ तथा वैदेशिक रोजगार नियमावली २०६४ले नेपालमा बैदेशिक रोजगारलाई ब्यवस्थित र मार्यदित बनाउने कोषे ढुंगा बनेको थियो । वैदेशिक रोजगार नीति २०६८ ले नेपालको कुल जनसंख्याको ७.२० प्रतिशत नेपालीहरु रोजगार तथा अन्य कारणले नेपाल बाहिर रहेको भन्ने देखाएको छ । जसमा भारतमा रोजगारीमा रहेको तत्थ्याङकलाई भने समेटेको छैन । यसैगरी राष्ट्रिय जनगणना २०७८ ले ७.४३ प्रतिशत अर्थात २१,६९,४७८ जना वैदेशिक रोजगारीमा वा विदेशमा छन् भन्ने देखाएको छ । प्रतिशको आधारमा यो संख्या थोरै छ तर तिनको राष्ट्रिय अर्थतन्त्रमा योगदानलाई भने कम आँकन सकिदैन ।

अर्थात् राष्ट्रिय अर्थतन्त्रमा विदेशमा रहेका नेपालीहरुको हिस्सा करिव २९ प्रतिशतको  योगदान छ । बैदेशिक रोजगारको करिब ३ दशकको ईतिहासमा यो क्षेत्र समय समयमा चर्चा र बहसको बिषय बन्दै आएको छ । २०६१ साल भदौ १६को ईराक हत्याकाण्डले बैदेशिक रोजगारमा कालो धब्बा थियो तत्कालिन अवस्थामा पनि वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाकै नेतृत्वनै थियो । त्यस काल खण्डदेखि हालसम्म बैदेशिक रोजगारले धेरै आरोह अवरोह पार गरेको अवस्था छ ।

राज्यका हरेक राजनैतिक दलहरु र सम्बद्ध निकायहरुले यो क्षेत्र र पेशालाई हेर्ने दृष्ट्रिकोण र बेरोजगार युवाहरुले यस क्षेत्रबाट अपेक्षामा ब्यवसायीहरुले गरेको न्याय तराजुको कसीमा समान छैन । राज्यले तय गरेको मौजुदा ऐन-नियमावलीका कानुनी आधारहरुका असजहताले वैदेशिक रोजगारले सु-मार्ग नसमाएको अवस्था छ ।

आजको यो अवस्था आउन नेपालको सत्ता र अराजनैतिक अवस्था नै हो । कानुन हातमा लिएर अवाञ्छिक कृया क्लाप गर्ने छुटले जब सम्म प्रसय पाँउछ नि तब सम्म इमान्दारिता र नैतिकताको पाठ निरर्थक हुन्छ । हेक्का रहोस् मर्ने बेलामा कसैले वेद पढ्दैनन । यहाँ वैदेशिक रोजगारका लागी राज्यको कानुन स्वयं राज्यका लागी प्रतिउत्पादक छ । बैदेशिक रोजगारको क्षेत्रमा वाञ्चित सुधार गर्ने भन्दै श्रम मन्त्रीको बागडोर सम्हाल्ने हाल सम्मका सबै श्रम मन्त्रीहरुले कुनै सम्मान/सम्झाना योग्य काम गर्न सकेका छैनन । तत्कालिन श्रम मन्त्री कुलबहादुर गुरुङले लागु गरेको फ्रि भिषा, फ्रि टिकट, त्यस्तै गोकर्ण बिष्टको मलेसियाको रोजगारीमा प्रतिवन्ध देखि हालका श्रम मन्त्री किसान श्रेष्ठको कामदारहरु प्रति देखाउने सदासयताको उद्घोष सबै नाङलो ठटाएर हात्ती तर्साउने रणनिती हुन । यसरी थापिने हरेक च्याँखेहरुमा अन्तिममा नेपाली कामदारहरु नै प्रताडित भएका छन् ।

मौजुदा कानुनको पालना गर्ने गराउने दुबै पक्ष जब सम्म ईमान्दार र जिम्मेवार हुँदैनन नि तब सम्म वैदेशिक रोजगार क्षेत्र सँधै बद्नाम, अपहेलित र असम्मानित पेशाका रुपमा दर्ज भै रहेको हुन्छ । वैदेशिक रोजगार पेशामा ईमान्दारिताको खडेरी रहेछ भन्ने वर्तमानमा भिजिट भिषामा दुवई पठाउने मेनपावरहरुको संलग्नताले पुष्टि गराउँदछ ।

वर्तमान श्रम मन्त्रीले स्थापित गरेको कल सेन्टरमा पहिलो प्रश्न श्रम मन्त्रीलाई थियो मेनपावर कम्पनीले राज्यले तोकेको सेवा शुल्क भन्दा चर्को रकम असुलीको र ति प्रश्न कर्ताको अपेक्षा के कति पुरा भयो या भएन जानकारी छैन तर मुल प्रश्न राज्यले तोके भन्दा बढी शुल्क किन उठाउँछन मेनपावर कम्पनीहरुले ? राज्यले तत् ब्यावसायीहरुमा लागेको यो गंभीर आरोपमा न त नेपाल वैदेशिक रोजगार व्यावसायीहरुले खण्ड्न गरेको छ न त सरकारले त्यस्ताको इजाजत रद्ध गरेको छ । पिडितहरुका यि आवाजहरु फगत राज्यका सरोकार

– बाँकी पृष्ठ स मा

६

वैदेशिक रोजगारको क्षेत्रमा भित्रिएको अराजकता, असहिष्णुता, अस्थिरता, अपरिपक्वता, अमानवीय व्यवहार, अनुचित कामले नै समग्र बैदेशिक रोजगारको अस्थित्व नै धरापमा पर्ने देखिन्छ ।







# कोरोना कहानी



■ दिपेन्द्र श्रेष्ठ

# मुस्किल छ बाँच्न

## कतिपयको काम धन्दा चौपट भएर लयमा फर्किन सकिएको छैन । कतिपय व्यवसायीहरु व्यवसायबाट हात धुनुपरेको छ ।

कोरोना संक्रमणबाट आम नागरिक टाढा छैन । तर, सरकारको परीक्षण दायराभित्र परे वा परेन भन्ने मात्रै फरक हो । आमसमुदाय कोरोनाबाट आहत छन् । सरकारको महङ्गो शुल्क तिरेर कोरोना परीक्षण गरेर उपचार नपाउने एक जमात छन भने निजी अस्पतालहरूमा सरकारी मूल्य भन्दा डबल महङ्गो तिरेर परीक्षण गराउने जमात पनि उल्लेख्य छन् ।

त्यही भीडभित्र परिक्षणै नगराउने निम्न जमात र बुझ्रैरै सरकारले कोरोनाको उपचार नदिने भएकाले परीक्षण नगराउने जमात पनि उल्लेख्य नभएका होइनन् । यि सबै जनमानमा त्रास नामक एक प्रकारको भुत त सवार छँदैछ । तर कोरोनाले पनि विभेद गरेको केही निम्न वर्गीय मानिसहरूले सहनु बाहेक अरू केही गर्न सकेका छैनन् । एकथरीलाई लाग्ला कोरोनाा पनि विभेद हुन्छ र ?

“ सरकारले कोरोनाको महामारीबीच सार्बजनिक स्थानमा जान खोपकार्ड अनिवार्य गरेको छ । तर, सम्पूर्ण नागरिकलाई खोप दिन सकेका छैनन् ।

### घटना–१

रोहित एक दुर्गमका विध्यार्थी उनले ललितपुरको एक विद्यालयबाट हेल्थ असिस्टेन्ट कक्षा सके । उनको सर्टिफिकेट बनाउन सिटिइभिइटी गए । तर त्यहाँका कर्मचारीले यहाँ होइन भन्दै फर्काइदिए । पछि बुझ्दैजाँदा त्यही रहेछ । पछिल्लो चोटी सर्टिफिकेट बनाउन जाँदा कोरोनाको कारण जोरबिजोर प्रणालीमा सवारीसाधन चल्ने भएको थियो । त्यतिखेर गएर उनले दर्ता गरे । एक हप्तामा आउनु भनियो । केहीदिनमा नै उनको फर्म भर्नुपर्ने भएकोले एकहप्ता भन्दा अगाडि निकाल्दिन मिल्छ कि मिल्दैन भनेर सोध्न गए । उनलाई एक मिटर परै बाट थर्काए । एक हप्ताको समय भन्दा अगाडि नहुने उनले जवाफ पाए । तलै गएर बुझ्नुस् निर्देशन दिइयो । सवारीसाधनमा यात्रा गर्दा ठेलमठेल छ । बजार उस्तै भीड छ । अस्पताल उस्तै छ । सरकारले खोप पुरा दिन सकेको छैन । खोप लगाउन उतिकै ठेलमठेल छ । तर, माथिल्लो ओहादाका मानिसहरूमा मात्र कोरोनाको भूत छ । स्वास्थ्य मापडण्ड पालना गरेरपनि यस्तो हप्काउने, उनि यो एक प्रकारको विभेद मान्छन् ।

### घटना–२

विना एक औद्योगिक क्षेत्रमा काम गर्छिन् । उनले उद्योगमा काम गर्न थालेको केही वर्ष भयो । कामको शिलशिलामा उनले कोरोनाका कारण धेरै खप्की खानुपरेको बताउँछिन् । स्वास्थ्य मापदण्ड पालना गरेर पनि अफिसमा हाकिमहरुले गाली गर्दा उनि बेलाबेला निराश बन्छिन् । यो उनको मात्र समस्या होइन, धेरैको समस्या यस्तै छन् ।

“हाकिमहरुले नै राम्रोसँग स्वास्थ्य मापदण्ड पालना गरेको पाइदैन हामीलाई भने तनाब दिन्छन्” , उनी भन्छन्, “उनीहरुले पनि स्वास्थ्य मापदण्ड पालना गरे पो हामिलाई पनि गाली गरेको सुहाउँछ ।” उनीहरु भने बाहिरबाट आएका पाहुनासँगै बसेर चिया खाजा खान्छन् ।

कोरोनापछि उद्योगका एक (कालिगढ)कर्मचारी घर ग । १५ दिन घर बसेर आउँदा एक हप्ता क्वारेन्टाइनमा राखे । हाकिमका बुढाबुढी ऐनिभर्सरी (बैबाहिक वर्षगाँठ) मा एक हप्ता पोखरा बसेर आए । तर, आएको भोलिपल्टै



अफिसमा आए के उनिहरु चाहिँ क्वारेन्टाइन बस्नु पर्दैन ? यी दुई घटना त प्रतिनिधी पात्र मात्र हुन् यस्ता धेरै घटनाहरु छन् जो हामिले केलाएर हेरेका छैनौं । दिनहुँ कामगरेर खाने बर्गलाई कोरोनाबारे जानकारी त छ । तर, पालना गराउनसक्ने अवस्था न्यून छ । राजीरोटीको सवालले पनि उनीहरु पहिलेको कोरोना जस्तो भोग्नसक्ने अवस्था छैनन् ।

पहिलेको कोरोनाले पारेको असरले कतिपय मानिसहरु गाउँ फर्किन बाध्य पारिएको छ । कतिपयका रोजीरोटी खोसिएकै कारण बालबच्चा बोर्डिङ्ग स्कुलमा पढाउन नसकेर सरकारी स्कुलमा सारिएका छन् । कतिपयको काम धन्दा चौपट भएर लयमा फर्किन सकिएको छैन । कतिपय व्यवसायीहरु व्यवसायबाट हात धुनुपरेको छ । सरकारले विज्ञप्ती जारी गर्दै यति कोरोना संक्रमित भए, यति कोरोनाबाट निधन भए, यति कोरोनाको उच्च जोखिममा छन् भनेका छन् । तर, सरकारले न त पर्याप्तमात्रामा खोपको व्यवस्थागर्न सकेका छन् न त कोरोना संक्रमितहरुको पहिचान गरि उपचारमा सहज बनाउन सकिएका छन् । कोरोना संक्रमण पहिचान गर्नपनि सरकारी अस्पताल र निजी अस्पतालमा दोब्बर दस्तुर फरक पर्नेगरी शुल्क तोकिदिएका छन् । सरकारले निजी अस्पतालमा उपचारकालागी सर्वसाधारणले के कती खर्च गरिरहेका छन् । कसरी खर्च गरिरहेका छन् सरकारी र निजीमा उपचार शुल्क कति फरक छ भन्ने कुनै पनि अनुगमन गरेको पाइदैन । सर्वसाधारणहरु दिनहुँ महँगो मुल्यमा उपचार गर्न बाध्य छन् । सरकारले कोरोना संक्रमणको दायरा फराकिलो बनाएर पर्याप्तमात्रामा नागरिकले परिक्षण गर्न पाउनुपर्छ र संक्रमित नागरिकलाई विभिन्न अस्पतालमा निःशुल्क आइसोलेसन वा उपचार पाउनुपर्छ । यो नागरिक भन्दा पनि सरकार

– बाँकी पृष्ठ स मा







## फुटबलमा फड्को



■ झलक शर्मा

# फैलिँदै फुटबल

नेपालको राष्ट्रिय लिग हेर्न लायक बन्दै गएको छ । यस्तो परिपाटीले नेपाली खेलाडी तथा प्रशिक्षकलाई विदेशी रणनीति, सीप तथा टेक्निक बुझ्न र अन्तरघुलन गर्न सहज गराउने गरेको छ ।

६ इतिहासमा पहिलो पटक र ाजधानी बाहिर पोखरामा लिगका केही खेल खेलाइएको छ । अन्तिमका दुई टिम घटुवामा पर्ने र शीर्ष टिमले एएफसी कप खेल्न पाउने हुँदा लिगमा कडा प्रतिस्पर्धा हुने गर्छ ।

१३ औं संस्करणको साफ च्याम्पियनसीपमा नेपालले गरेको प्रर्दशनले उत्साहित नेपाली फुटबल समर्थकहरुको नजर फेरि नेपालको लिगतिर मोडिएको छ । गत वर्ष कोरोना महामारीका कारण रोकिएको सहिद स्मारक ए डिभिजन लिगअहिले भव्य र सब्य रुपमा सञ्चालन भइरहेको छ । लिगमा खेलाडीले गरेको प्रदर्शनबाट राष्ट्रिय टिमको निर्माण गर्न सकिने भएकाले यो महत्वपूर्ण प्रतियोगिताको रुपमा हेरिन्छ । इतिहासमा पहिलो पटक राजधानी बाहिर पोखरामा लिगका केही खेल खेलाइएको छ । अन्तिमका दुई टिम घटुवामा पर्ने र शीर्ष टिमले एएफसी कप खेल्न पाउने हुँदा लिगमा कडा प्रतिस्पर्धा हुनेगर्छ ।

विगतमा नेपाली फुटबल प्रतियोगिता तथा लिगमा मनाङ मस्याङ्दी र थ्रि स्टार क्लबको दबदबा हुने गर्थ्यो । अन्य टिमलाई यी दुई टिमको सामाना गर्न निकै कठिन हुने गर्दथ्यो । थ्रि स्टार क्लब र मनाङ मस्याङ्दी क्लब बीचको खेल पनि प्रतिस्पर्धात्मक हुने गर्दछ । यी दुई टिम नेपाली फुटबलका महारथी नै थिए ।

दुबै टिमसँग गर्विलो इतिहास छ । धेरै ट्रफी उचाले को अनुभव छ । तर, २०७६ मा सञ्चालित लिगमा भने यी दुई क्लबले लगानी गर्न खोजेनन् । लिग विजेता टिमले एएफसी कप खेल्न पाउने प्रावधान छ । तर, कुनै पनि नेपाली फुटबल क्लबमा त्यति बेला एएफसीको क्लब लाइसेन्स थिएन । यदि, लिग जिते पनि एएफसी कप खेल्न नपाउने भए पछि यी दुई टिमले राम्रा खेलाडी अनुबन्धमा कँजुस्याई गर्दै औसत खेलाडीलाई प्राथमिकता दिए । यही समयलाई मच्छिन्द्र फुटबल क्लबले आफ्नो अनुकुलतामा ल्याई थ्री स्टार क्लब र मनाङ् मस्याङ्दी क्लबका राम्रा खेलाडी अनुबन्ध गरी लिगमा होमियो । फलस्वरुप मच्छिन्द्र फुटबल क्लबले २०७६ को लिग पनि जित्यो ।



यही सफलतालाई जोगाउने प्रयासमा मच्छिन्द्र यो वर्ष पनि सानदार प्रदर्शन गरिरहेको छ । यो पाली त मच्छिन्द्रले एएफसी कप पनि खेल्ने छ । अहिले नेपालमा चार ए डिभिजन क्लबहरु मच्छिन्द्र फुटबल क्लब, त्रिभुवन आर्मी, मनाङ् मस्याङ्दी क्लब र सशस्त्र प्रहरी बल (एपिएफ) ले क्लब लाइसेन्स प्राप्त गरेका छन् । अहिले मच्छिन्द्र फुटबल क्लबले मात्र होइन, सबै क्लबहरुले राम्रा खेलाडीलाई महङ्गो मूल्यमा अनुबन्ध गरेका छन् ।

प्राय सबै टिममा विदेशी खेलाडी रहेका छन् । विगतदेखि नै नेपालमा अफ्रिकन खेलाडीहरु नेपाली टिममा समावेश हुन्थे भने केही वर्षदेखि यूरोप तथा दक्षिण एसियामा राम्रो प्रदर्शन गरेका खेलाडी नेपाल आएर खेल्ने गरेका छन् । खेलाडी मात्र होइन टिम प्रशिक्षक पनि विदेशी राख्ने आँट गरिएको छ ।

जसको समग्र मिश्रणले नेपालको राष्ट्रिय लिग हेर्न लायक बन्दै गएको छ । यस्तो परिपाटीले नेपाली खेलाडी तथा प्रशिक्षकलाई विदेशी रणनीति, सीप तथा टेक्निक बुझ्न र अन्तरघुलन गर्न सहज गराउने गरेको छ । खेलाडीको क्षमता अभिवृद्धि गर्न तथा प्रतियोगितामा टिमलाई अब्बल बनाउन यस्तो गतिविधि लाभदायी हुने गरेको छ । अको तर्फ भन्ने हो भने स्वदेशी खेलाडीलाई विदेशी खेलाडीसँग प्रतिस्पर्धा गनुपर्ने जिम्मेवारी बढेको छ ।

त्यसैले स्वदेशी खेलाडी आफ्नो खेल र अभ्यासमा बढी मेहनतगर्नुपर्ने आवश्यकता देखिन्छ । २०७६ सालदेखीलिग खेल्ने क्लबका समर्थक पनि बद्धि भएको छ । पहिला थ्री स्टार क्लब र मनाङ् मस्याङ्दी क्लबका समर्थक धेरै हुने गर्दथे । तर, अहिले समर्थकहरु बाँढिएका छन् । सबै क्लबमा नाम चलेका खेलाडी छन् ।

त्यसैले समर्थकलाई विभिन्न क्लबको समर्थन गर्नमा जोस्याएको छ । केही क्लबले आफ्नो जर्सी, ज्याकेट, टोपी, गलबन्दीलगायतकाविभिन्न सामग्री बिक्री गर्न खोजेका छन् । यसरी क्लबका उत्पादित सामग्रीले बजार मूल्यपाएमा केही आर्थिक लाभ मिल्ने अपेक्षा गर्न सकिन्छ । यसले क्लबलाई आर्थिक लाभ मात्र गराउँदैन । यसले त क्लब र समर्थक बीचको आत्मियतालाई प्रगाढ बनाउने गर्दछ ।

एएफसीको क्लब लाइसेन्सको मापदण्डले झन् टिमलाई थप व्यवसायिक बन्न उत्प्रेरित गरेको छ । कतिपय क्लबलाई भने क्लब लाइसेन्स टाउको दुखाईको विषय बनेको छ । एएफसीको क्लब लाइसेन्स मापदण्डमा क्लबको आफ्नै घरेलु मैदान, एकेडेमी, युथ टिम, खेलाडीको नियमित अनुबन्ध र उनीहरुलाई उपयुक्त तलबको व्यवस्था, सूचना अधिकृत र कार्यकारी अधिकृतको व्यवस्था हुनुपर्ने छ । तथापी नेपाली क्लबसँग भने आफ्नै भौतिक संरचनाहरु भने छैनन् । लाइसेन्स प्राप्त क्लबको पनि कागजी रुपमा मात्र छ । अबका दिनमा सबै क्लबले लाइसेन्स प्राप्त गर्न व्यवहारीक रुपमा नै सबै मापदण्ड पुरा गर्न सकेमाक्लबको भविष्य सुनिश्चित हुनेमा ठोकुवा गर्न सकिन्छ । अझ गण्डकी प्रदेशले त एक स्थानीय तह एक रंगशालाको नारा नै तय गरेको छ ।

प्रदेश सरकारको यस्तो नारा सफल पार्न सकेमा स्थानीय स्तरमा रहेका प्रतिभाशाली खेलाडी उत्पादनमा सहयोग पुऱ्याउदछ । केही वर्ष अगाडि खेलाडी राष्ट्रिय स्तर र मोफसलका

– बाँकी पृष्ठ स मा

भविष्यको लागि बीमा गरी निश्चिन्त हुनुहोस् ।
हाम्रा सेवाहरु:–
सावधिक, सावधिक (दोहोरो दूर्घटना लाभ समेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक, बात्सल्य, जीवन साथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा ।
"बीमाको क्षेत्रमा विश्वसनीय नाम"
राष्ट्रिय बीमा संस्थान
प्रधान कार्यालय:– रामशाहपथ, काठमाडौं
फोन नं: ००९७७-१-४२६२५२० । पी.ओ. बक्स नं: ५२७,
फ्याक्स नं: ००९७७-१-४२६२६१०
ईमेल: info@beema.com.np | वेभसाईट: www.beema.com.np

CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस
City आयो, Express पायो..
संसारको जुनसुकै कुना बाट पैसा पठाउन र पाउन, सिटी नै रोजौं !!!
हाम्रा विशेषताहरू:–
- सस्तो शुल्क ।
- Wallet Top-Up को साथै बत्ती, पानी र Internet बिलको भुक्तानी गर्न मिल्ने ।
- १२,०००+ भुक्तानी काउण्टरहरू ।
- Cancel गर्दा शुल्क नकाट्टीने ।
- विश्वासिलो र भरपर्दो ।
- ५ मिनेटमै जुनसुकै बैंक खातामा Deposit हुने ।
सिटी एक्सप्रेस कम्प्लेक्स, कमलादी, काठमाडौं, फोन नं.: ४४३११२००, टोल फ्रि नं.: १६६०० ११ १२ १३
Email: info@ctxpress.com | www.ctxpress.com | facebook.com/ctxpressmt

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
हिमहरि अर्याल
अध्यक्ष
तथा
ब्लू ग्यालेक्सी ओभरसिज प्रा. लि.
परिवार
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५८३७१५

सगरमाथा इन्स्योरेन्स कं. लि.
Sagarmatha INSURANCE COMPANY LTD.
A JOINT VENTURE WITH CEYLINCO INSURANCE PLC, SRI LANKA
CORPORATE OFFICE
"Surakshan" Bhawan, Bhagawati Marg, Naxal
P.O. Box 12211, Kathmandu, Nepal
Phone: 01-4512367 | Fax: 977-1-4512378
Email: info@sagarmathainsurance.com.np
Website: www.sagarmathainsurance.com.np
SAGARMATHA VIP ON THE SPOT
सम्पत्ति बीमा
लघु बीमा
मोटर बीमा
विविध बीमा
सामुद्रिक बीमा
बाली तथा पशु पंक्षी बीमा
इन्जिनियरिङ बीमा
हवाई बीमा
TOLL FREE NUMBER
1660-01-666 66
EMAIL: customer.service@sagarmathainsurance.com.np
"Big or Small - Security for all"

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नेपाल हस्तकला महासंघ
FHAN
माइतीघर हाईट, थापाथली, काठमाडौं
फोन नं. ०१- ४२४४२३१/ ४२४५४६७ /४२४५४६७

## नसुध्रिएका...

पछिल्लो समय ती पात्र मात्रै होईन, नेपालको राजनीतिमा अधिकाशं नेताहरु यस्तै देखिएका छन् । मानिसले आफ्ना कुरामा ध्यान दिएका छन् वा छैनन् पनि चासो छैन, मैले अर्मादित बोले कि प्रशंग बाहिर गए कि भन्ने पनि छैन आउने आफूलाई लागेको कुरा घण्टौसम्म राख्ने अनि बाहिरिने यस्तो चलनको विकास तिव्रतर भईरहेको छ । जसले गर्दा नेताहरुको भाषणलाई मानिसले के बोल्छ भन्दा पनि कतिबेला बोलिसक्छ भन्नेमा लैजान्छन् ।

केही समयअघि एकजना शिक्षामन्त्री विश्वविद्यालयको औपचारिक सभामा गएर यति अन्टसन्ट बोलेकि उनको सर्वत्र आलोचना भयो । जबकि त्या प्राज्ञिक थलो थियो, जहाँ गएर पार्टी, देशका भन्दा पनि शिक्षा क्षेत्र सुधारका विषयमा भाषण गर्नुपर्ने थियो, तर ती मन्त्री विषय प्रशंग भन्दा बाहिर गएर नेताहरुलाई गालीगलौज गरेर भाषण सक्याएका थिए । उनी मात्रै होइन धेरै नेता, मन्त्रीहरु आफूलाई जानकारी नभएको विषयमा प्याच्च बोल्छन् अनि विवादमा तानिने गर्छन् । हुनत, नेपालीमा एउटा उखान छ, बोल्नेले काम गर्दैन, काम गर्नेले बोल्दैन, त्यस्तै हाम्रो देशका राजनीतिकहरु पनि विषयप्रशंग भन्दा बाहिर बोलेर आफ्नो काम गर्ने समय खर्च गरिरहेका हुन्छन् । अझ कतिपय नेताहरु त एउटा चियापसलको उद्घाटन देखि विभिन्न वस्तुको ब्रान्डिङका लागि समेत देश बनाउने महत्वपूर्ण समय खर्चिरहेका हुन्छन् ।

लेखेर पढ्नेहरू न्यून

नेपालको राजनीतिक दलको उच्चपदस्थ ओहोदामा बसेका केही व्यक्तिबाहेक अरु लेखेर भाषण दिदैंनन् बरु लेखेर पढ्दाँ आफूलाई सानो सम्झिएर चिच्याई चिच्याइँ स्टेजमा गएर भाषण गर्छन् । केही समयअघि कुनै दलका नेता विवादमा परेपछि लेखेर पढ्ने र आवश्यक विषयबारे मात्रै बोल्ने भनेर एकजना विज्ञ नै आफ्नो सचिवालयमा राखेँ । तर नानीदेखि लागेको बानी के जान्थ्यौँ, केहीदिन अलिअलि पढेर मर्यादित बोलेको जस्तो गरेतापनि उनले पछि त चिच्याइँचिच्याई आफूलाई लागेको कुरा घण्टौ राख्नथाले । उनले सल्लाहकारको कुरा समेत नटेरी मनलाग्दी बोल्न थालेपछि ती सल्लाहकारले पनि जागिर नै छोडेका थिएँ । यसबाट के प्रष्ट बुझिन्छ भने नेपाली राजनीतिभित्र भ्रष्टाचार, अनियमितता मात्रै मौलाएको छैन, अर्मादित बोल्नेहरुको संख्यामा पनि वृद्धि भएको छ । तसर्थ, नेतृत्व गर्नेहरुले बोलेका कुरालाई गफ र जोक्सको संज्ञा दिने गरिन्छ ।

नजाने ठाउँमा पनि जाने

नेताहरुलाई बढी बोल्न प्रेरित गर्ने अर्को विषय भने असान्दर्भिक कार्यक्रम हो । एउटा मन्त्री, नेता वा उच्चपदस्थ स्थानमा बसेर नेतृत्व गरेका व्यक्तिहरु एउटा पार्लरको उद्घाटनदेखि ट्वाईलेटको शिलान्यासमा समेत पुगिरेहका हुन्छन् । आफ्नो मापदण्ड कति र के भन्ने तय नगरी जता मन लाग्छ त्यतै गईदिन्छन् अनि आफूलाई जानकारी नभएको विषयकारे पनि अनेक कुरा बोलिदिन्छन्, मनोरञ्जनका कार्यक्रममा पनि राजनीतिक भाषण, खेलकुद, अर्थ, शिक्षा, समाज र अन्य सरोकार जनचासोका विषयमा गएर पार्टीका झगडा, विपक्षीको आलोचना गरेपछि त्यहाँ बसेर सुन्नेलाई दिग्दार लाग्नु पनि सामान्य नै हो । त्यस्ता स्थानमा जाँदा लेखेर वा विषयवस्तुबारेको अध्ययन गरेर जाने हो भने सो खालका समस्यामा निकै कमी आउनसक्थ्यो ।

कसरी सुधार्ने बोली ?

हुनत, राजनीतिक दलका नेताहरुको धर्म नै मानिन्छ, प्रतिपक्षीको आलोचना र आफ्नो गल्तीको ढाकछोप । तर त्यो भन्दैमा मानिसले चासो नै नराखेका विषयमा बोल्नु भने पटक्कै सान्दर्भिक होईन, आफूलाई जानकारी नभएका विषयबारे कम बोल्ने हो भने पनि मानिसहरुलाई नेताको भाषणप्रतिको रुचि बढ्थ्यौँ होला तर अन्टसन्ट बोलेपछि रुचि घट्नु स्वभाविक पनि हो । विदेशतिर हेर्ने हो भने उनीहरुले बोल्नका लागि एउटा मापदण्ड नै तयार गरेका हुन्छन् ।

त्यति समयसीमा भित्र रहेर लागेका कुरा भन्छन् र उनीहरु बिदा हुन्छन् । उनीहरु असम्बन्धित गालीगलौज गरेर समय ब्यतीत गर्दैनन् । त्यहीँ कुरालाई अनुशरण गरी सम्बन्धित व्यक्तिलाई मात्रै कार्यक्रममा बोल्न दिने त्यो पनि समय निर्धारण गर्ने हो भने यी समस्या कम हुन्छन् ।

नेपालकै कतिपय कार्यक्रममा पनि वक्ताका लागि समय निर्धारण गरिएको पाइन्छ, तर उनीहरु समयको ख्याल नगरी बोलिरहन्छन् अनि अत्यमा 'सरी' समेत नभनी बिदा हुन्छन् । यी र यस्तै प्रवृत्तिका कारण नेपाली राजनीतिमा अराजकता मौलाउँदै गएको छ ।

समय सान्दर्भिक विषयमा विषयवस्तुभित्र रहेर बोल्नुभन्दा पनि अरुको आलोचनामा मात्रै नेताहरु समय ब्यतित गरिरहेका छन् । बोल्नुभन्दा अघि विषयवस्तुबारे ज्ञान लिएर लिखित भाषण गर्ने हो भने मात्रै यो क्षेत्र सुधार गर्न सकिन्छ, नभए नेतृत्वकर्ताको भाषणलाई लिएर हाँसोको विषय बनाउने क्रम चलिरहन्छ ।

## संकटतर्फ....

भएको भन्दापनि यसअघि अगाडि बढाइएका नीतिका कारण भएको अर्थमन्त्री जनार्दन शर्माले बताउने गरेका छन् । अर्थसमितिको वैठकमा मंसिर २३ गते जवाफ दिंदै बैंकिङ क्षेत्रमा देखिएका समस्या आफुले अगाडि बढाएका नीति र कामकारवाहीको कारण नभएको मन्त्री शर्माले तर्क पेश गरेका थिए ।

१३ वटा वाणिज्य बैंक कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा पुगे

नेपालको सम्पुर्ण बैंकिङ क्षेत्रमा लगानीयोग्य पुँजीको तरलतामा समस्या देखिएको छ । झण्डै १ दर्जन भन्दा बढी बैंकहरु कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा पुगेका छन् । निक्षेपको तुलनामा कर्जाको माग बढी भएपछि बैंकहरुमा कर्जा प्रवाहमा समस्या देखिन थालेको हो । जसकारण केही बैंकहरु प्राथमिकता प्राप्त क्षेत्रमा समेत कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् कर्जा-पुँजी-निक्षेप अनुपात (सीसीडी रेसियो) हटाएर कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) कायम गरेको थियो । जसको प्रत्यक्ष प्रवाभ सम्पुर्ण बैंकिङ प्राणालीमा देखिएको छ । बैंकहरुले पुरानो सीसीडी हुँदा त्यसमा गणना गर्ने गरेको अन्दाजी ४ खर्ब रुपैयाँ नयाँ प्रावधान सीडीमा गणना गर्न मिल्दैन । जसको असर प्रणालीमा देखिन पुगेको हो । मौद्रिक नीतिमार्फत् राष्ट्र बैंकले २०७९ असार मसान्तसम्मको लागि सीडी रेसियो ९० प्रतिशत राखेको छ । पुस मसान्तसम्म बैंकहरुको औसत सीडी रेसियो ९० दशमलब २४ प्रतिशत पुगेको छ । राष्ट्र बैंकले कायम गरेको सीडी रेसियो अनुसार बैंकहरुले १ सय रुपैयाँ निक्षेप संकलन गर्दा ९० रुपैयाँ मात्रै कर्जा प्रवाह गर्न पाउँछन् । चालु आवको दोस्रो त्रैमासिक अवधिसम्म आइपुग्दा १३ वटा बैंक सिडी रेसियोको कारण कर्जा लगानी गर्न नसक्ने अवस्थामा आइपुगेका हुन् । १४ वटा वाणिज्य बैंकहरुको सीडी रेसियो भने नेपाल राष्ट्र बैंकले तोकेको ९० प्रतिशत भन्दा कम रहेको देखिएको छ । बैंकिङ क्षेत्रको यो विषय समग्र अर्थप्रणालीको लागि गम्भिर संकटको संकेत हो ।

रेमिट्यान्स आप्रवाह घट्यो

चालु आर्थिक वर्षमा विप्रेषण आयातमा निरन्तर गिरावट आएको छ । नेपाल राष्ट्र बैंकले जारी गरेको तथ्यांक अनुसार चालु आवको ५ महिनामा विप्रेषण आप्रवाह ६ दशमलब ८ प्रतिशतले कमी आई ३ खर्ब ८८ अर्ब ५८ करोडमा झरेको देखिएको छ । अमेरिकी डलरमा विप्रेषण आप्रवाहमा ७ दशमलब ३ प्रतिशतले कमी आई ३ अर्ब २६ करोड पुगेको छ । तर यस्तो विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिमा भने ११ प्रतिशतले बढेको थियो ।

चालु आवको समीक्षा अवधिमा खुद ट्रान्सफर ५.७ प्रतिशतले कमी आई ४ खर्ब ३३ अर्ब ९२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ८.५ प्रतिशतले बढेको थियो । तर चालु आवको समिक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्यामा भने उल्लेख्य वृद्धि भएको छ । समिक्षा अवधिमा वैदेशिक रोजगारीको लागि स्वीकृती लिनेको संख्या १ लाख ३१ हजार ८२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९२ दशमलब ७ प्रतिशतले घट्न पुगेको थियो ।

विदेशी मुद्राको सञ्चिती १३ वर्षअघिको अवस्थामा

देशको बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिती घटेर १३ वर्षअघिको कठिन अवस्थामा पुगेको छ । नेपाल राष्ट्रबैंकले पुस २९ गते सार्वजनिक गरेको तथ्यांकले यस्तो अवस्था देखाएको हो । ०६५ फागुनदेखि ०६७ बैशाखसम्म लगातार बैंकहरुसँग ६ दशमलब ८ महिनाको वस्तु तथा सेवा आयात गर्नसक्ने मात्र विदेशी मुद्राको सञ्चिती रहने अवस्था सिर्जना भएको थियो । नेपाल राष्ट्र बैंककाअनुसार आव ०७८/७९ मा मुलुकमा भएको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७ दशमलब ५ महिनाको वस्तु आयात र ६ दशमलब ८ महिनाको वस्तु तथा सेवा आयातको लागि पर्याप्त रहने देखिएको छ ।

विदेशी मुद्राको सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा ०७८ असार मसान्तसम्ममा १२४४ अर्ब ६३ करोड रहेको थियो । तर चालु आवको ०७८ मंसिर मसान्तसम्ममा विदेशी मुद्राको सञ्चितीमा १२ दशमलब ९ प्रतिशतले कमी आई १०८४ अर्ब ६४ करोड कायम हुन पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ०७८ असार मसान्तसम्ममा १५४ अर्ब ३९ करोड रहेकोमा ०७८ मंसिर मसान्तसम्ममा १६ दशमलब २ प्रतिशतले कमी आई १२९ अर्ब ४० करोड कायम भएको देखिएको छ ।

चालु आर्थिक वर्षमा चालु खाता पनि निरन्तर घाटामा गएको देखिएको छ । समीक्षा अवधिमा चालु खाता ३०० अर्ब ६९ करोडले घाटामा रहेको छ । कात्तिक मसान्तसम्ममा चालु खाता २२३ अर्ब १९ करोडले घाटामा थियो । एक महिनामै चालु खाताको घाटा ७७ अर्बले बढ्न पुगेको हो । मुलुकको आर्थिक सन्तुलनको विषयलाई समिक्षा गर्दा यो गम्भिर विषय भएको अर्थविदहरुको धारणा रहेको छ । समीक्षा अवधिमा शोधनान्तर स्थिति १९५ अर्ब १ करोडले घाटामा रहेको छ । चालु आबको कात्तिक मसान्तसम्ममा शोधनान्तर स्थिति १५० अर्ब ३८ करोडले घाटामा थियो । यसरी एक महिनामै शोधानान्तर स्थितिको घाटा पनि करिब ४५ अर्बले बढेको देखिएको छ ।

आधा वर्षमा ३१ प्रतिशत मात्रै बजेट खर्च

चालू आर्थिक वर्षको आधा समय पुस मसान्तसम्ममा सरकारले जम्मा ३० दशमलब ७२ प्रतिशत मात्रै बजेट खर्च भएको छ । जसमध्ये पुँजीगत खर्च १० दशमलब ८८ प्रतिशत मात्रै भएको छ । अर्थमन्त्री जनार्दन शर्माले चालूतर्फ १० खर्ब तीन अर्ब ७४ करोड सात लाख, पुँजीगततर्फ चार खर्ब २९ अर्ब ६५ करोड नौ लाख र वित्तीय व्यवस्थापतर्फ एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख रुपैयाँ विनियोजन गरेका थिए । जसमध्ये चालु आवको ६ महिनामा चालूतर्फ ४०.२८, पुँजीगततर्फ १०.८८ र वित्तीय व्यवस्थापनतर्फ २६.१२ प्रतिशत खर्च भएको छ ।

अर्थमन्त्री शर्माले चालु आवको बजेट कार्यान्वयनमा प्रतिमहिना १० प्रतिशतका दरले बजेट खर्च गर्ने उद्घोष गरेका थिए । तर शर्माले उद्घोष गरेअनुरुप बजेट खर्चको अवस्था सिर्जना हुन सकेको छैन् । मन्त्री शर्माले बजेट कार्यान्वयन गर्ने सबै मन्त्रालयका सचिवहरुलाई बजेट खर्चसम्बन्धी पटक पटक ताकेता गर्दापनि खर्च सुधार हुन सकेको छैन् । संस्थागत र नीतिगत अवस्थामा रहेका कमिकमजोरीको पहिचान गरि उपयुक्त कार्यक्रम निर्माण गर्न मन्त्रीमाथि विज्ञहरुको प्रश्न रहेको देखिन्छ । निर्माण व्यवसायीहरुले सरकारले आफुहरुको बिगतदेखिको भुक्तानीमा नै सहजिकरण नगरेको आरोप लगाएका छन् ।

## "अ"उपसर्गको ....

अंगहरुका सौदावाजीका बिषय बनेको छ । भिजिट भिषामा पठाउने ईजाजत प्राप्त कुनै पनि संस्थाहरुलाई छुट छैन र जानेहरुलाई पनि । तर जब जहाँ समस्या आँउछन नि तब मात्र यस्ता बिषयहरुको उठान गरिन्छ । श्रम विभागको त्यस्ता मेनपावर कम्पनीहरुको इजाजत रद्धको समाचार बन्दैन, न त पिडितहरुको आवाज राज्यले सुनेको छ । आफुलाई स्थापित संस्थाहरुले पनि बद्मासि शुरु देखिने गरेका पनि छन् जसले बिज्ञापन निकाल्दा देखि नै नियति मा बद्नियत देखिन्छ ।

विज्ञापनमा उल्लेखित लट नम्बर जसबाट उक्त विज्ञापनका सबै विवरण विभागको डाटामा पाउन सकिन्छ । यस्ता अनाधिकृत बिज्ञापनहरु बाट नै ठगीको धन्दा र श्रृखंलाको शुरु भएको देखिन्छ । बिज्ञापन एउटा गर्ने विभागमा अर्के कम्पनीको स्वीकृति लिने यहाँ चरम लापारवाही मात्र हैन सेटिङ्ग भन्ने शब्दले स्थान पाएको छ । अन्ततः बदनाम गर्ने एकाध मेनपावर कम्पनीहरु छन् शाख आम पेशा र समग्र वैदेशिक रोजगार क्षेत्रकै गिरेको पाईन्छ ।

वैदेशिक रोजगारमा लागु फ्रि भिषा र फ्रि हवाई टिकट अर्थातु शून्य लागतमा वैदेशिक रोजगारले राज्यले पाउनु करको दायरा खुम्चिएको छ नै, आन्तरिक अवैध धन्दाले पनि प्रशय पाएको देखिन्छ । राज्यमा करोडको धरौटी राखेकै आधारमा सबै अवैध काम गर्न छुट पाउनु पर्ने भन्ने धारणा अक्षम्य छ । त्यस्तै नेपाल सरकारको सामाजिक सञ्जाल ऐन २०७५ र नेपाल सरकार गृहमन्त्रालयको सार्वजनिक सूचना विपरित कुनै पेशेवार वा ब्यक्तिहरुको सामाजिक चरित्रहत्या गर्ने छुट नहुँदा पनि बढ्दो अराजक र बेलगाम प्रवृतिले पनि नेपालमा गरिखाने अवस्था छैन भन्ने प्रतिनिधी उदाहरण दुवई भिजिट भिषामा पठाउने र त्यहाँ जाने कामदारहरुमा देखिएको समस्या कारक हो । सामाजिक सञ्जालमा भाइरल यस्ता गतिविधीहरुले सम्मान पुर्वक यो क्षेत्रमा पेशा अंगालेकामा पनि बैकिल्पिक क्षेत्र खोज्नु पर्ने वाध्यात्मक अवस्था आउन सक्छ ।वैदेशिक रोजगारको क्षेत्रमा भित्रिएको अराजकता, असहिष्णुता, अस्थिरता, अपरिपक्कता, अमानवीय व्यवहार, अनुचित कामले नै समग्र बैदेशिक रोजगारको अस्थित्व नै धरापमा पर्ने देखिन्छ । अबिलम्म राज्यको सक्रियता मध्यस्थता र समाधान आजको आधार बिन्दु हो ।

## मुस्किल....

को दायित्वभित्र पर्छ ।

सरकारले कोरोनाको माहामारीबीच सार्बजनिक स्थानमा जान खोपकार्ड अनिवार्य गरेको छ । तर, सम्पूर्ण नागरिकलाई खोप दिन सकेका छैनन् । यो हिसाबमा सरकारी निर्णय फेल खाएको देखिन्छ । कोरोना नियन्त्रणमा सहज होला भनेर सरकारले सम्पुर्ण सवारीमा जोरबिजोर प्रणाली लागूगरे ।

त्यसो गर्दा नागरिकलाई झन असहज भयो सार्बजनिक साधनमा यात्रा गर्ने नागरिकहरुलाई झन सास्ती बढ्यो । सचेत नागरिकहरुले चौतर्फी बिरोध जनाएपछि सरकारको लचकताले निजी सवारीमा मात्र कायम गरेर सार्बजनिक यातायातमा हटाए यसो गर्दापनि अझै कतिपय अत्यावश्यक नागरिकहरुलाई सास्ती नै छ ।

अहिले विभिन्न दीर्गरोगीहरुले अस्पतालहरुमा उपचार पाउन सकेका छैनन् । कोरोना संक्रमणको जोखिमलाई लिएर डाक्टरहरुले बिरामी धेरै च्यापेको छैन भन्दै चेकजाँचै नगरी फलोअपमा आउन र निरन्तर लिइरहेका औषधीलाइनै निरन्तरता दिएर पठाउने गरेका छन् । यस्तो अवस्थाले बिरामीहरुमा थप्नुपर्ने औषधीको मात्रा नथपी यतिकै फर्काउँदा पछि जटिल अवस्था त आउने हैन ?

## फैलिंदै....

प्रतियोगिता नभएका कारण विदेश पलायन भएको तितो यथार्थ थियो । खेलमा प्रशस्त तलब नभएका कारण फुटबल पेशाबाट टाडिन पर्ने बाध्यता पनि नेपाली खेलाडीमा थियो । तसर्थ, यस्तो परिस्थिति निम्तिन नदिन नेपाली फुटबलमा व्यवसायिकताको खाँचो छ ।

जितका लागि खेलिने खेलले सधैं तनाव सिर्जना गर्दछ । खेलमा हारजित सर्वमान्य हो । तर, मैदानमा दुबै टिमको जित्ने प्रयास हुन्छ । खेलमा पनि विभिन्न नियम उपनियम हुन्छन् । त्यसलाई अबलम्वन गर्नु वा स्वीकार्नु सबैको दायित्व हुन्छ । नेपाली फुटबलमा अनुशासनको विषय भने बेला बखतमा उठ्ने गरेको पाइन्छ ।

खेलाडी, प्रशिक्षक, टिम अफिसियलले प्रेसरमाअनुशासनको दायरा नाघ्ने गरेको पाइएको छ । रेफ्रीको निर्णय प्रति आपत्ति जनाउने र उक्त निर्णय मान्न तयार नहुने बानी प्रशिक्षकमा देखिन्छ । खेलाडी पनि मैदानमा आफ्नो कमजोरी स्वीकार गर्न सकेको देखिदैन । विशेषत शक्तिशाली टिमले कमजोर आँकलन गरेको टिमसँग पछाडि परेको व्यहोरको अवस्थामा यस्तो गतिविधि हुने गरेको पाइन्छ । नेपाली खेलाडीले खेलमा होस या सार्वजनिक जीवनमा होस् विभिन्न आचरणहरु पलना गर्न नसकेको पनि देखिन्छ ।

विगतमा केही खेलाडीले मर्यादा बिपरीत कार्य गरेकाले एन्फाले केही समय प्रतिबन्ध लगाएको थियो । दण्ड र सजाय फितलो हुने मनशायले कतिपय खेलाडी, प्रशिक्षक, टिम अफिसियलले आवेगमा उच्छृङ्खल गतिविधि गने गरेको पाइन्छ । यस्तो कृयाकलापले खेलाडीलाई नै धेरै असर पारेको देखिन्छ । नेपाली फुटबल समर्थकहरुमा पनि खेलाडी प्रतिजातीय विभेद तथा नश्लबादी चिन्तन हावी छ । विदेशी खेलाडी माथी रङ्ग (कालो, गोरो) का आधारमा अपमानित गर्ने जस्ता गतिविधिले खेलाडीलाई बितृष्ना पैदा गराएको पाइन्छ । तसर्थ सबै सरोकारवाला वर्गले अनुशासनको उपदायता बुझ्नु आवश्यक छ । नेपाली फुटबलमा अगुवाहरुको भूमिका पनि त्यति सन्तोष जनक देखिदैन । फुटबलको विकास भन्दा व्यक्तिवाद हावी भइरहेको छ । फुटबलको नाममा हुने भ्रष्टाचार, अपारदर्शीता, लापरबाही र फोहोरी राजनितीले नै नेपाली फुटबललाई छाँयामा पारेको छ । फुटबल सम्बन्धि आचारसंहिता, नीतिनियम, नियमावली पालना नगर्ने र गुण्डागर्दी सिर्जना गर्न खोज्ने प्रवृत्ति हावी छ । यस्ता बेथिति नियन्त्रणका लागि नेपाली फुटबलमा अनुशासनको आवश्यकता छ । फुटबलले हार जितको नतिजा मात्र दिलाउदैन । यसले आपसीभाइचार कायम राख्न तथा अन्तर्राष्ट्रिय सम्बन्धको बिस्तार गर्नमा मद्दत पुऱ्याउछ । तसर्थ नेपाली फुटबलको गरिमा जोगाउन व्यवसायिकता र अनुशासनमा ध्यान दिनु जरुरी छ ।










